शिव महिम्नः स्तोत्रम्



भगवान शिवको अनुपम स्तुती

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शिव महिम्नः स्तोत्रम्

अनुवादक

प्रा.डा. दुर्गाप्रसाद दवाडी

प्रकाशक

डा. प्रेमराज न्यौपाने

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शिव महिम्नः स्तोत्र

प्रकाशक	:	डा. प्रेमराज न्यौपाने
सम्पर्क	:	९८४१३९८०६९
अनुवादक	:	प्रा.डा. दुर्गाप्रसाद दवाडी
सर्वाधिकार	:	प्रकाशकमा
प्रकाशन वर्ष	:	२०७३ (२०१७)
मुद्रण	:	महेश प्रिन्टिङ्ग प्रेस, कीर्तिपुर
मुल्य	:	रु ५०/-

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection



प्रा.डा. दुर्गाप्रसाद दवाडी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

समर्पण

परम पुज्य गुरू भगवान शिवका
अनन्य भक्त स्व.प्रा.डा.
दुर्गा प्रसाद खाडी
ज्यूमा सादर
समर्पण ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शिवस्तुतिको महिमा

परमपूजनीय गुरु प्रा.डा. दुर्गाप्रसाद दवाडीज्यूले शिव महिम्न स्तोत्र नेपाली भाषामा अनुवाद गरी प्रकाशन गर्न मलाई धेरै पहिला दिनुभएको थियो । कार्य व्यस्तताले मैले प्रकाशन गर्न सकेको थिइन । धेरै समय पछि ऐले प्रकाशन गर्न पाउँदा खुसि लागेको छ । गुरु कृपा प्राप्त भएको अनुभूत भएको छ ।

पुष्पदन्त गन्धर्व विरचित शिव महिम्नः स्तोत्र भगवान शिवको अनुपम गान हो । श्रद्धा भक्तिपूर्वक स्तुतिगान हुन सक्यो भने दयाकरुणाले भक्तका आँखा रसाउन थाल्दछन् । भगवान शिवको महिमा पृथ्वीलाई पाटी कल्पवृक्षका हाँगा कलम, सागरको जलमसी बनाएर सरस्वतीले सदाकाल लेखे पनि सकिँदैन भनिएको छ ।

सूर्यचन्द्रादि ग्रहगण, जल, थल, अन्तरिक्ष, आकाश सबैतिर भगवान् व्याप्त हुनुहुन्छ । त्यसैले भगवान् शिवको महिमा जति गाए पनि थोरै हुन्छ ।

सिद्धेश्वर शिवलिङ्ग स्थापनाको बेला पुष्पाञ्जलि अर्पणको क्रममा शिवका अनन्य भक्त प्रा.डा. दुर्गाप्रसाद दवाडी र कुलचन्द्र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शिवस्तुतिको महिमा

परमपूजनीय गुरु प्रा.डा. दुर्गाप्रसाद दवाडीज्यूले शिव महिम्न स्तोत्र नेपाली भाषामा अनुवाद गरी प्रकाशन गर्न मलाई धेरै पहिला दिनुभएको थियो । कार्य व्यस्तताले मैले प्रकाशन गर्न सकेको थिइन । धेरै समय पछि ऐले प्रकाशन गर्न पाउँदा खुसि लागेको छ । गुरु कृपा प्राप्त भएको अनुभूत भएको छ ।

पुष्पदन्त गन्धर्व विरचित शिव महिम्नः स्तोत्र भगवान शिवको अनुपम गान हो । श्रद्धा भक्तिपूर्वक स्तुतिगान हुन सक्यो भने दयाकरुणाले भक्तका आँखा रसाउन थाल्दछन् । भगवान शिवको महिमा पृथ्वीलाई पाटी कल्पवृक्षका हाँगा कलम, सागरको जलमसी बनाएर सरस्वतीले सदाकाल लेखे पनि सकिँदैन भनिएको छ ।

सूर्यचन्द्रादि ग्रहगण, जल, थल, अन्तरिक्ष, आकाश सबैतिर भगवान् व्याप्त हुनुहुन्छ । त्यसैले भगवान् शिवको महिमा जति गाए पनि थोरै हुन्छ ।

सिद्धेश्वर शिवलिङ्ग स्थापनाको बेला पुष्पाञ्जलि अर्पणको क्रममा शिवका अनन्य भक्त प्रा.डा. दुर्गाप्रसाद दवाडी र कुलचन्द्र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

न्यौपाने भक्तिभावपूर्वक स्तोत्र गान गर्दै हुनुहुन्थ्यो । घाम लागिरहेकै बेला विना बादल त्यसै ठाउँमा मात्र वर्षा भै रहेको थियो । त्रिशूली गङ्गा को दुवै किनारबाट इन्दधनुष उठेर अपूर्वको स्वागतद्वार बनेको थियो । भगवान् शिवको स्तुति गानमा धर्ती, जल, आकाश सबै द्रवित हुन्छन् भने भक्तहरू किन द्रवित नहुनु ? यस्तो अमोघ स्तुति भगवानका भक्तहरूले अध्ययन, मनन, स्तुतिगान, दान गरी पुण्य आर्जन गरुन् श्री बृद्धि गरुन् र कल्याण प्राप्त गरुन् भन्ने उद्देश्यले नेपाली भाषामा अनुवाद गरी भक्तहरु समक्ष प्रस्तुत गरिएको छ ।

डा. प्रेम राज न्यौपाने

अनुवाद सहयोगी तथा प्रकाशक

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शिव महिम्नः स्तुति

मूल- **महिम्नः पारं ते परमविदुषो यद्यसदृशी**
स्तुतिर्ब्रह्मादीनामपि तदवसन्नास्त्वयि गिर :।
अथावाच्यः सर्वः स्वमतिपरिणामावधि गृणन्
ममाप्येष स्तोत्रे हर निरपवाद :परिकार : ॥१॥

हे ! भगवान शिव सबै दुःख हरण गर्ने भएका तपाईको महिमालाई पार गर्न (महिमाको पुरै वर्णन गर्न) अविद्धानको निमित्तमा अयोग्य छ भन्ने हो भने ब्रह्मा इत्यादि सर्वज्ञहरूले गरेको तपाईको गुण कथन् रूपी बर्णन पनि अपुरो नै छ। किनभने उनीहरूले पनि तपाईको गुण महिमा पूर्ण रूपमा जान्दैनन् । महिमा यति नै छ भन्न सक्दैन्न्। आफ्नो बुद्धिजति छ त्यत्तिनै स्तुति ब्रह्माहरूले गरेका हुन् भने म पनि तपाईको स्तुति गान गर्नका निमित्तमा कम्मर कसेर तयार भएको छु । त्यो स्तुति पनि अपवाद रहितनै हुनेछ। आफ्नो बुद्धि अनुसार योग्य नै हुनेछ भन्ने विचार गरेको छु।

(भगवान शिवको पूर्ण महिमाको वर्णन गर्नमा ब्रह्मादि जस्ता सर्वज्ञ मानिएकाहरू पनि असर्थ नै छन्। किनभने प्रभुको महिमा अनन्त छ। वर्णन गर्न सकिदैन ।) यदि ब्रह्मादि जस्ताले पनि आफ्नो क्षमता अनुसार भगवान शिवको स्तुतिगान गर्नमा अधिकार राख्छन् भने म पुष्पदन्त जस्ताको पनि भगवानको स्तुतिगानमा अधिकार छ भन्न

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

योग्य होला । त्यसै हुनाले म भगवानको स्तुति गान गर्न कम्मर कसेर तयार भएको छु । तपाईंको महिमा पार गर्न ठूला विद्यानहरू पनि अयोग्य नै छन्, ब्रह्माद्धिको स्तुति अयोग्य हुँदा पनि दोष लाग्दैन भने मेरो स्तुति पनि दोष रहित नै हुनेछ भन्ने ठान्दछु ।

मूल- अतीत : पन्थानं तव च महिमा वाङ्मनसयो-
रतद्व्यावृत्या यं चकितमभिधत्ते श्रुतिरपि ।
स कस्य स्तोतव्य : कतिविधगुण : कस्य विषय :
पदे त्वर्वाचीने पतति न मनः कस्य न वच : ॥२॥

हजुरको महिमा बोलेर वर्णन गर्न सकिदैन । मनले पनि कल्पना गर्न सकिदैन । (वाणीद्वारा प्रकट गर्न नसकिने मनद्वारा चिन्तन गर्न नसकिने) तपाईको महिमाको वर्णन अनन्त ज्ञानको निधि मानिएको वेदले पनि गर्न सकेको छैन । वेदले "नेदं नेदं भनेर अनुपम मानेको छ भने नेती-नेती" भनेर तपाईलाई (अनन्त ज्ञानको भण्डार मानेको छ ।) यसरी नै तपाईको महिमाको वर्णन गरिएको छ वेदमा ।

त्यसको कस्ले स्तुति गर्न सक्छ ? गुणहरू कति छन् र कस्को त्यो विषय हुन सक्छ ? यस्ता हामी जस्ताको अर्वाचिनहरूको (अल्पज्ञहरूको) मन र वचन खलित किन नहोस् !

लाटोले गुलियोको वर्णन गर्न सक्दैन । त्यस्तै तपाईको निगुर्ण रूपको वर्णन गर्न त संभव नै छैन । सगुण रूपका तपाईका अनन्त गुणको कस्ले वर्णन गर्न सक्छ ? अर्वाचिनहरू पनि पार्वति सहितको, रूपमानै स्तुति गान गर्दछन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मूल -मधुस्फीता वाचः परममृतं निर्मितबत
स्तव ब्रह्म्न किं वागपि सुरगुरोर्विस्मयपदम् ।
मम त्वेतां वाणीं गुणकथनपुण्येन भवतः
पुनमीत्यर्थेऽस्मिन् पुरमथन बुद्धिर्व्यवसिता ॥३॥

हे भगवान शिव ! तपाई नै अत्यन्त मधुरताले परिपूर्ण भएका वाणीहरू बनाउने सुर गुरु ब्रह्माजिका पनि वाणीमा चमत्कार दिने गर्नुहुन्छ । श्रृष्टीका आदिमा भगवान कै निश्वासबाट वेद स्वतः आविर्भाव हुन्छन् । अन्तमा भगवानमानै गएर लिन पनि हुन्छन् । त्यस्ता मधुर वाणीहरू निर्माण गर्ने, ब्रह्माजीलाई ब्रह्माण्ड निर्माणमा चमत्कारिक ज्ञान दिने त्रिपुरनाशक भगवान् शिव तपाईका गुणकथन रूपी पुण्यद्वारा मेरो यो वाणीलाई पवित्र गर्न चाहन्छु । यसैले हजुरको महिमा गानमा बुध्दि लगाएको छु ।

मूल -तवैश्वर्यं यत्तज्जगदुदयरक्षाप्रलयकृत्
त्रयीवस्तुव्यस्तं तिसृषु गुणभिन्नासु तनुषु ।
अभव्यानामस्मिन् वरद रमणीयामरमणीं
विहन्तुं व्याकोशीं विदधत इहैके जडधियः ॥४॥

हे भगवान ! तपाईको ऐश्वर्या यो संसारको उत्पत्ति रक्षा र प्रलय गर्ने वाला हो । यो कुरा त्रयि अर्थात वेदमा विस्तृत वर्णन गरिएको छ । सत्व, रज, तम, तीन गुणहरूद्वारा पनि तपाईको नै वर्णन भएको छ ब्रह्मा विष्णु शिव तीन मूर्तीहरूमा पनि तपाई विस्तृत हुनुहुन्छ । यस्तो

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तपाईको महिमालाई नजानेर केहि जड बुद्धि भएकाहरू तपाईको स्वरूपको विषयमा ऐश्वर्याको विषयमा (खण्डन) गर्ने गर्छन् । हामी नै ठूला हौ भन्ने घमण्ड गर्दछन् । जुन कुरा तर्कहिन छ । यस्तो तर्क गर्न अयोग्य छ ।

मूल -किमीहः कि कायः स खलु किमुपायस्त्रिभुवनं
किमाधारो धाता सृजति किमुपादान इति च ।
अतर्क्यैश्वर्ये त्वय्यानवसरदुःस्थो हतधियः
कुतर्कोऽयं काञ्चिन्मुखरयति मोहाय जगत : ॥५॥

हे भगवान ! तपाईको विषयमा केही कुतर्क गर्ने वाला केही दुष्टबुद्धि भएकाहरू मात्रै हुन् । किनभने तपाईको ऐश्वर्या तर्कभन्दा परै छ । भगवानको ऐश्वर्यको इयत्ता (जान्न, थाहापाउन) कसैले गर्न सक्दैन । किनभने प्रमाणहरू भगवान विषयमा लागु हुदैनन् । भगवान काल, दिक, स्थान इत्यादिले रहित हुनुहुन्छ । भगवान विना कुन शरीरले, कुन उपायले, कुन आधारले कुन समवायी कारणले संसारको श्रृष्टी गर्न सक्ला र ? कुमालेले घट बनाउँदा आफ्नो शरीर मन त्यस कार्यमा लगाऊँ छ । सामाग्रीहरू प्रयोग गर्दछ । त्यसैगरि भगवानले चराचर जगतको सृष्टि शरीर मन र संपूर्शा प्राकृत शक्ति लगाएर गर्नुहुन्छ ।

मूल -अजन्मानो लोका : किमवयववन्तोऽपि जगता-
मधिष्ठातारं किं भगविधिरनादृत्य भवनि ।
अनीशो वा कुर्याद् भुवनजनने क : परिकरो
यतो मन्दास्त्वां प्रत्यमरवरम संशेरत इमे ॥६॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यो संसार सावयव (अवयवयुक्त) हुनाले यो संसारको निर्माण गर्ने कोही छ भन्ने मान्नै पर्ने हुन्छ । त्यो संसारको रचना ईश्वर वाहेक कस्ले गर्न सक्छ र ? त्यसो हुँदा केही मुर्खले मात्र संशय गर्छन् । नत्र त भगवानको ऐश्वर्यमा संशय गर्ने कुरै छैन ।

हे अमर वर (सदा अविनाशी देव) अवयव वाला भएपनि लोक अर्थात पृथ्वी इत्यादि के अजन्मा हुन ? जन्मरहित हुन् ? साधनको त उत्पत्ति हुन्छ । अवयवले यूक्त जो छ त्यो जन्म भएको हो । अनिश अर्थात् सामर्थ्य रहित ईश्वर अरु को हुन सक्छ ? जस्ले यो भूवनको उत्पत्ति गर्नका निमित्तमा परिकार (सामाग्री) जुटाएको छ, जो अविनाशी ईश्वर हो त्यो सामर्थ्य वान छ । जस्ले आफ्नो शरीरको रचना पनि जान्दैन त्यसले यो विचित्र चौधभूवत रूपी संसारको रचना गर्न संभव नै छैन । त्यसै हुनाले यो संसार ईश्वरद्वारा नै रचना गरिएको हो भन्ने मान्नुपर्दछ । किनभने भगवान संपूर्ण प्रमाणहरूद्वारा सिध्द नै हुनुहुन्छ ।

मूल -त्रयी सांख्यः योग : पशुपतिमतं वैष्णवमिति
प्रभिन्ने प्रस्थान्ने परमिदमदः पथ्यमिति च ।
रूचिनां वैचित्र्या दृजुकुटिलनानापथजुषां
नृणामेको गम्यस्त्वमसि पयसामर्णव इव ॥७॥

यस्तै अनेक प्रकारका बाटाहरूबाट गै पुग्ने ठाऊ त तपाई नै हुनुहुन्छ । हे देव देव ! अनेक प्रकारका सोझा र वाङ्गा मार्गहरू छन् । त्यो मार्गमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लाग्ने भएका मनुष्यहरूका निमित्त साक्षात र परंपराद्वारा एक मात्र गम्य स्थान या प्राप्य स्थान केबल तपाई मात्र हुनुहुन्छ । अरु कोही छैन । सोझै समुद्रमा मिसिने गंगादि जस्ता नदी छन् भने कोही अर्को नदीसँग मिसिएर समुद्रमा पुग्ने यमुना सरयू गण्डकी जस्ता नदीहरू छन् ।

त्यसैगरी हजुर सम्म पुग्ने बाटाहरू पनि भिन्न भिन छन् । अर्थात् वेदमार्ग, साँख्य दर्शन, योग दर्शन, बौध्द दर्शन ईश्लाम दर्शन आदि भिन्न भिन्नै भएतापनि सबैको अन्तिम गन्तव्य स्थान तपाई नै हनुहुन्छ । विविध मार्गबाट नदी समुद्रमा पुगे जसरी आफ्नो आफ्नो संप्रदाय र रुचिका विचित्रताले भिन्न भिन्नै मार्ग द्वारा मानावहरू पनि भगवानको सामिप्यमा पुग्दछन् ।

मूल -महोक्षः खट्वाङ्गः परशुरजिनं भस्म फणिनः
कपालं चेतीयत्तव वरद तन्त्रोपकरणम् ।
सुरास्तां तामृद्धिं दधति च भवद्भूप्रणिहितां
न हि स्वात्मारामं विषयमृगतृष्णा भ्रमयति ॥८॥

हे वरद ! : (वरदान दिने भएका) तपाई परिपूर्ण परमेश्वर भएता पनि तपाईको उपकरणहरू अर्थात् सामग्रीहरू महोक्ष (वुढोवसाहा) र खट्वाङ्गं (खाटको एउटा अङ्ग विशेष) खाटका खुट्टाले बनाएको अस्त्र विशेष, परशु (वन्चरो), अजिन (मृगचर्म), भस्म (विभूति), फणी (सर्पहरू), तथा कपाल मानिसको शिरको खप्परहरू छन् । यस्ता यस्ता

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

संपत्ति भएतापनि देवताहरू तपाईको सेवा गरेर प्राप्त भएका समृद्धिलाई धारणा गर्दछन् । (यसरी अत्यन्त दरिद्र सदृश तपाईका भक्तहरू, देवताहरू, असुरहरू सबै समृद्ध छन् । ऐश्वर्यवान छन्, धनी छन् । यस्तो विविधता किन हुन्छ? भन्दा यो नै भन्न सकिन्छ कि तपाई आफ्नो स्वरूप सच्चिदानन्दमानै रमण गर्नुहुन्छ । त्यसो हुनाले ईन्द्रियका भोगहरूको मृगतृष्णामा कहिल्यै पनि आकृष्ट हुनुहुन्न । कुनै विषयले हजुरलाई मोहमा पार्न सक्दैनन् । स्वआत्मामा नै रमण गर्नेलाई विषयले आकृष्ट गर्न सक्दैन । भ्रममा पार्न सक्दैन ।

मूल -ध्रुवं कश्चित् सर्व सकलमपरस्त्वध्रुवमिदं
परो ध्रौव्याध्रौव्ये जगति गदति व्यस्तविषये ।
समस्तेऽप्येतस्मिन् पुरमथन तैर्विस्मित इव
स्तुवन्जिह्रेमि त्वां न खलु ननु धृष्टा मुखरता ॥९॥

हे ! पुर मथन (त्रिपुरासुरलाई नाश गर्ने भएका) भगवान शिव ! ति ति स्तुतिका पद्यतिहरूद्वारा तपाईको स्तुति गर्दा विस्मित भएर म लजाऊँदिन । जस्तै कुनै व्यक्ति कुनै अद्भूत दृश्यलाई देखेर त्यसबाट विस्मित भएर संसारको उपहासलाई केही पनि नबुझ्किन त्यसको वर्णन गर्छ त्यसैगरी म पनि तपाईको स्तुति गर्न नजान्दा नजान्दैपनि मलाई मानिसले उपहास गरे पनि गरुन् भन्ने यस्तो लज्जालाई पनि वास्ता नगरी तपाईको स्तुतिमा लागेको छु । तपाईको स्तुति अत्यन्त विस्मयकारक छ (अचर्य लाग्दो छ) । किनभने (साँख्य र योग मतानुयायी) संपूर्ण यो संसार नित्य छ, यसको उत्पत्ति र नाश हुदैन,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

केवल रूप परिवर्तन हुन्छ भन्छन् । संसारका सबै वस्तु नित्य हुन् । असतको उत्पत्ति हुदैन, सतको विनाश हुदैन, केवल आर्विभाव र तिरोभाव मात्र हुन्छ भन्छन् । वस्तुहरू प्रकट र अर्न्तध्यान हुन्छन् भन्छन् । अर्का थरी संपूर्ण संसार अध्रुव अर्थात् क्षणिक हो भन्छन् । वौद्धको त्यस्तै सिद्धान्त छ । तेस्रो थरी यस संसारलाई ध्रुव र अध्रुव नित्य अनित्य दुवै मान्दछन् । आकाश, काल, दिक, नित्य हुन भनेर तेस्रा थरी भन्दछन् । पृथ्वी, जल, तेज, वायू, आकाश पनि नित्य नै हुन् भन्दछन् ।

मुल -तवैश्वर्यं यत्नाद् यदुपरि विरिन्चो हरिरधः
परिच्छेतुं यातावनलमनलस्कन्धवपुष : ।
ततो भक्तिश्रद्धाभरगुरूगृणद्भ्यां गिरिश यत्
स्वयं तस्थे ताभ्यां तव किमनुवृत्तिर्न फलति? ॥१०॥

हे ! गिरिश (कैलाश पर्वतमा शयन गर्ने भएका) तपाईको अनुवृत्ति अर्थात् सेवाले के? के? फल्दै न र? (सबैकुरा फल्दछ) । किनभने अनलस्कन्ध आगो जस्तो, तेज पुञ्ज शरीर भएका, तपाईको ऐश्वर्य अर्थात् स्थूल रूपलाई परिच्छेदन गर्न अर्थात् ऐश्वर्य कति? छ भनेर जान्न खोजेका विरञ्चि अर्थात् ब्रह्माजी माथितिर भगवान विष्णु तलतिर यत्न पूर्वक जान सक्ने ठाऊँ संम गए । तर त्यसको परिच्छेदन गर्न सकेनन् । अर्थात् अन्त्यस संम पुग्न सकेनन् । आफ्नो प्रयत्न विफल भएपछि ति दुवै ब्रह्माविष्णुले श्रद्धा भक्तिले युक्त भै स्तुति गर्दै तपाईका अगिल्तिर स्थिर भएर उभिएका थिए । उनीहरूलाई तपाईको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सेवाबाटै फल मिलेको हो । किनभने विष्णु र ब्रह्माले सेवाद्वारा नै तपाईलाई साक्षात्कार गर्नसके । तपाईको सेवाबाट सबैले ईच्छित फल प्राप्त गर्न सक्छन् ।

-अयत्नादापाद्य त्रिभुवनमवैरव्यतिकरं
दशास्यो यद् बाहूनभृत रणकण्डु पर वशान्
शिरः पद्मश्रेणीरचितचरणाम्भोरूहबलेः
स्थिरायास्त्वभ्दक्तेस्त्रिपुरहर ! विस्फूर्जितमिदम् ॥११॥

हे ! त्रिपुर हर (त्रिपुराशुरलाई नाश गर्ने भएका) भगवान शिव ! रावणले आफ्ना शिरहरूलाई नै कमलपुष्पको पंक्ति जस्तो बनाएर तपाईका चरणमा भक्ति भाव पूर्वक चढाएको हुनाले. (दशमुख भएका रावणले) युद्धका निमित्तमा चिलाएका वलिस्ट २० वटा भुजाहरू प्राप्त गरेका थिए । यसरी विना प्रयत्न शत्रुताले रहित तिनै लोक रावणले प्राप्त गरेका थिए । यो केवल तपाईको स्थिर निश्चल भक्तिको प्रभाव हो ।

रावणले आफ्नो दशै शिरहरूलाई कमलपुष्पको जस्तो बनाएर भगवान शिवका चरणमा चढाएका थिए । त्यसले गर्दा उनका विसवटा हातहरू युद्धका निमित्तमा तत्पर रहन्थे । त्रिभुवनको कोहीपनी उनका अघिल्तिर उभ्भिन सक्दैन थियो । यसरी संपूर्ण त्रिभुवनलाई नै कुनै प्रयत्न विनानै प्राप्त गरेर त्रिभुवनमा उनले शासन गरे । हे भगवान शिव यो तपाईका

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रति केन्द्रित निश्चल भक्तिको सेवाको प्रभाव हो । रावणले शिर काटेर चढाएको कुरा पुराणमा उल्लेखे छ ।

अमुष्य त्वत्सेवासमधिगतसारं भुजवलं ।
बलात् कैलासे ऽपि त्वदधिवसतौ विक्रमयतः ।
अलभ्या पातालेऽप्यलसचलिताङ्गुष्ठशिरसि
प्रतिष्ठात्वय्यासीद् ध्रुवमुपचितो मुह्यति खल : ॥१२॥

तपाईको सेवाले प्राप्त गरेको बललाई तपाईनै बसेको कैलासमा पनि वल, पराक्रम देखाउ खोजेको रावण हजुरका पाउले शिरमा छोइएपछि पातालमा पुगेको थियो ।

पुराणमा व्याख्या गरिएको छ कि भगवान शिवको प्रशादले पाएको वल रावणले परिक्षा गर्नका निमित्तमा भगवानको निवास स्थान भएको कैलासलाई नै उखेल्न थाल्यो । भगवती पार्वतीले प्रार्थना गर्दा भगवान शिवले त्यसलाई तल झार्नको निमित्तमा खुट्टाको औंला रावणका शिरमा चलाइदिनु भएको थियो । त्यतिले रावण वलरहित भएर पातालमा झऱ्यो । फेरि भगवानले दया गरेर उद्धार गरिदिनु भयो ।

यदृद्धिं सुत्राम्णो वरद परमोच्चैरपि सती-
मधश्श्चके बाणः परिजनविधेयस्त्रिभुवन : ।
न तच्चित्रं तस्मिन् वरिवसितरि त्वच्चरणयोर्न
नकस्याप्युन्नत्यै भवति शिरसस्त्वय्यवनतिः ॥१३॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वाणासुरले त्रिभुवनलाई पनि परिजन अर्थात् दाश बनाएर ईन्द्रको अतुल संपत्तिलाई पनि माथ गरिदियो । यो त्यसका निमित्त कुनै आश्चर्य कुरा थिएन । किनभने त्यसले तपाईको चरणहरूमा प्रणाम गरेको थियो । तपाईका प्रति नमन गर्नु शिरले पाउ छुनु कुन उन्नतिको कारण हुदैन र ? तपाईको चरणमा नमन गर्नु संपूर्ण उन्नतिको कारण हुन जान्छ । नमन गर्नेले मोक्ष पर्यन्त उन्नति प्राप्त गर्न सक्छ ।

बाणा सुरले भगवानको चरण कमलमा नमन गरी शिवको आराधाना गरेर त्रिभुवनलाई नै दास बनाई ईन्द्रको वैभवलाई पनि तल पारिदियो । भगवान शिवको चरणमा नमन गरेपछि कुन उन्नति प्राप्त हुँदैन र ?

अकाण्ड ब्रह्माण्डक्षयचकितदेवासुरकृपा-
विधेयस्याऽऽसीद्यस्त्रिनयनविषं संहृतवतः ।
स कल्माषः कण्ठे तव न कुरूते न श्रियमहो
विकारो ऽपि श्लाघ्यो भुवनभयभङ्गव्यसनिन : ॥१४॥

हे ! त्रिनयन (त्रिनेत्र भएका) भगवान शिव असमयमा नै ब्रह्माण्डको नाश गर्ला जस्तो महाप्रलयको जस्तो (समुद्रमन्थन गर्दा समुद्रबाट निस्केको) विषको भेलले ब्रह्माण्डको नास पो गर्ने होकी जस्तो महाप्रलय देखेर डराएका देवता र अशुर ईन्द्र बली आदि देवता माथि दया गरी तपाई स्वयंले विश्वको रक्षा गर्नका निमित्तमा विषलाई पान गर्नुभयो । त्यो विष तपाईका घाँटिमा बसेर घाँटीलाई नै कालो पारी दियो । त्यसैले तपाईको नाम (नीलकण्ठ) रहन गयो । त्यो विषले

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तपाईको घाँटीमा शोभा झन बढाएको छ । संसारको भय नाश गर्नका निमित्तमा भगवान शिवको विकार पनि प्रशंसनिय छ ।

असिद्धार्था नैव क्वचिदपि सदेवासुरनरे
निवर्तन्ते नित्यं जगति जयिनो यस्य विशिखाः ।
स पश्यन्नीश ! त्वामितरसुरसाधारणमभूत्
स्मरः स्मर्तव्यात्मा नहि वशिषु पथ्यः परिभव : ॥१५॥

जगतरूपी संसारमा सबैलाई जित्ने जस्का वाणहरूछन् । देवता असुर मनुष्य सबैमा कहिँपनि असफल भएर फर्केका छैनन् । वाणहरूले सदा विजय गरेका छन् । कामदेवले अरु देवताहरूलाई जिते जसरी शिवलाई पनि जित्छु भन्ने ठानेर तपाईलाई जुन काम वाण प्रहार गरे त्यसले केवल संझनामा मात्रै प्रहार भयो । किन भने जितेन्द्रियका प्रति प्रहार अमङ्गल कारी हुन्छ । आफ्नै अकल्याण गर्ने हुन्छ ।

मही पादाघाताद् व्रजति सहसा संशयपदं
पदं विष्णोर्भ्राम्यद्भूजपरिघरुग्णग्रहगणम् ।
मुहुर्द्यौर्दौःस्थ्यं यात्यनिभृतजटाताडिततटा
जगद्रक्षायै त्वं नटसि ननु वामैव विभुता ॥१६॥

भगवान शंकर ताण्डव नृत्य गर्नु हुन्छ । ताण्डव नृत्य गर्दा पृथ्वी भगवानका पाउका आघातले पाताल पुग्छुकी भनेर संशयमा पर्दछिन् । नाच्दा अन्तरिक्षमा घुमाईएका नचाईएका हातहरूले ग्रहगणहरू सबै पिडित हुन्छन्, त्राहिमाम हुन्छन् । शिरको जटाको प्रहारले गर्दा आकाशमा पनि पीडा पैदा हुन्छ । तपाई जगतको रक्षाका निमित्तमा नै

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नाच्नुहुन्छ । कहिलेकाही अति धेरै तपाईको वैभव पनि पिडा दिने प्रलयकारी बन्दछ ।

वियद्व्यापी तारागणगुणितफेनोद्गमरूचिः
प्रवाहो वारां यः पृषतलघुदृष्ट शिरसि ते ।
जगद् द्वीपाकारं जलधिवलयं तेन कृतमि-
त्यनेनैवोन्नेयं धृतमहिम दिव्यं तव वपु : ॥१७॥

आकाश गंगाको जल शिवजीको जटामा आएर एउटा विन्दुजस्तो मात्रै बन्न जान्छ । त्यहि जल पृथ्वीमा पुगेर पृथ्वीलाई सात द्वीप बनाएर सात समुद्र बन्न जान्छ । यसै घटनाबाट हजुरको व्रहमाण्ड रूपी विशाल दिव्य रूपको अनुमान गर्न सकिन्छ । ब्रहमाण्डमा व्याप्त तपाईको दिव्य शरीर कस्तो छ भन्ने कुरा यहिबाट बुझ्न सकिन्छ ।

रथः क्षोणी यन्ता शतधृतिरगेन्द्रो धनुरथो
रथाङ्गे चन्द्रार्कौ रथचरणपाणिः शर इति ।
दिधक्षोस्ते कोऽयं त्रिपुरतृणमाडम्बरविधि-
र्विधेयैः क्रीडन्त्यो न खलु परतन्त्रा : प्रभुधिय : ॥१८॥

त्रिपुरासुर रूपी तृणालाई जलाउन ईच्छा गर्ने भएका तपाईको पृथ्वी रथ बनिन् । ब्रह्माजी सारथी बन्नुभयो । सुमेरु पर्वत धनुष बने । सूर्य चन्द्र रथका पाङग्रा बने । चक्र हातमा लिएका विष्णु वाण बने । यसरी त्रिपुर रूपी त्रिणलाई जलाउन उसको आडम्बरलाई समाप्त गर्न तपाईले गर्नु भएको प्रयत्नको विधिको, प्रयोजनको कसले वर्णन गर्न सक्दछ ?

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हरिस्ते साहस्रं कमलबलिमाधाय पदयो-
र्यदेकोने तस्मिन् निजमुदहरन्नेत्रकमलम् ।
गतो भक्त्युद्रेक : परिणतिमसौ चक्रवपुषा
त्रयाणां रक्षायै त्रिपुरहर जागर्ति जगताम् ॥१९॥

हे ! त्रिपुराशुर नाशक भगवान शिव ! विष्णु भगवान तपाईको दुवै पाउमा हजार सङ्ख्याका कमल पुष्पहरूले पूजा गर्नूहुन्थ्यो । पूजा गर्दा कुनै एक दिन एक कमल कम भएकोले भगवान विष्णुले स्वयं आफ्ना नेत्रलाई नै हजारौँ कमल संम्झेर नेत्र निकालेर चढाउनु भएको थियो । आफ्नै नेत्र झिकेर चढाएको भक्तिको अधिकताले अत्यन्त प्रशन्न भै शुदर्शन चक्ररूपको अश्त्र प्राप्त गरेका थिए । उनी तिनै लोकको रक्षा गर्नका निमित्तमा सदा तत्पर रहन्छन् । जगतको पालनका निमित्तमा सदा सावधान रहन्छन् । यसरी हे भगवान शिव ! तपाईको सेवाको फलले विष्णु त्रिलोकका अधिपति बन्नु भएको थियो ।

क्रतौ सुप्ते जाग्रत्वमसि फलयोगे क्रतुमतां
क्व कर्म प्रध्वस्तं फलति पुरूषाराधनमृते ।
अतस्त्वां सम्प्रेक्ष्य क्रतुषु फलदानप्रतिभुवं
श्रुतौ श्रद्धां बद्ध्वा दृढपरिकर : कर्मसु जन : ॥२०॥

पाप ईत्यादिको शिघ्र नै नाश हुने स्वाभाव छ । त्यसै हुनाले सुतेपछि सूक्ष्म रूपका पापहरू नाश हुन्छन् । पाप कृया समाप्त भएपछि यज्ञ गर्नेवालाहरू तपाईकै कृपाबाट कलान्तरमा फल प्राप्त गर्दछन् । किनभने प्रध्वस्त नाश भएको कर्मको भगवान्को आराधना विना कसरी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

फल मिल्न सक्ला र? त्यसो हुँदा यज्ञहरूमा फलदानका निमित्तमा तपाई जवान भएर बस्नु भएको छ । त्यसै हुनाले स्मृति अर्थात वेदमा श्रद्धा राखेर प्रत्येक मनुष्य कर्म गर्दछन् । कर्म जड हो उत्पन्न भएपछि नाश हुन्छ । तापनि कर्मको फलदिने उत्तरदायित्व भगवान शिव तपाइको नै हो ।

मूल -क्रिया दक्षो दक्षः क्रतुपतिरधीशस्तनुभृताम्-
ऋषीणामार्त्विज्यं शरणद सदस्याः सुरगणाः।
क्रतुभ्रेंशस्त्वत्तः क्रतुफलविधानव्यसनिनो
ध्रुवं कर्तुः श्रद्धाविधुरमभिचाराय हि मखा : ॥२१॥

हे शरण दिने भएका भगवान शिव ! दक्षप्रजापति स्वयं कृयामा चतुर थिए । आफै यजमान थिए । त्रिकालदर्शी ऋषिहरूको त्यहाँ ऋत्वीक रूपले सहभागिता थियो । ब्रह्मा ईत्यादि देवताहरू सदस्य भएर यज्ञमा भाग लिएका थिए । यस प्रकारको यज्ञका निमित्त संपूर्ण सामाग्रि भएपनि अप्रशन्न भएका तपाई परमेश्वरबाट यज्ञको नाश भयो । यज्ञको फलको विधान गर्ने भएका तपाईको अपमानको कारण हो यो । श्रद्धाले रहित, भक्तिले रहित, यज्ञहरू यजमानको नाशका कारण हुन्छन् । कर्ताको श्रद्धाले रहित भएको यज्ञहरू निश्चयनै फलरहित हुन्छन् ।

प्रजानाथं नाथ ! प्रसभमभिकं स्वां दुहितरं
गतां रोहिभ्दूता रिरमयिषुमृष्यस्य वपुषा ।
धनुष्पाणेर्यातं दिवमपि सपत्राकृतममुं
त्रसन्तं तेऽद्यापि त्यजति न मृगव्याधरभसः ॥२२॥

CC-0. Nepal Sanskrit Academy. Kathmandu Collection.

हे नाथ ! हे भगवान शिव ! तपाई सबैका नाथ अर्थात् मालिक हुनुहुन्छ । तपाईले पिनाक धनुषधारण गरी व्याधाको जसरी धनुषमाथि वाँण चढाउनु भयो । त्यो आद्रा नक्षत्रको रूपमा परिणत भयो । ऐलेपनि मृगशिरा नक्षत्रको सामिप्यताको दृश्य देख्न सकिन्छ । आफ्नी छोरी मृगरूपमा परिणत भएपनि मृगको रूप लिएर रमण गर्ने ईच्छाले ब्रह्मा पछि लागे । यो देखी रिशाएका भगवान शिवले ब्रह्मालाई दण्ड दिने विचार गर्नुभयो । त्यसरी कामुक भएर आफ्नो मर्यादालाई उल्लंघन गर्ने भएका ब्रह्माजीलाई शिवजीले दण्डदिन लाग्नु भएको कथा पुराणहरूमा उल्लेख छ ।

स्वलावण्याशंसाधृतधनुषमह्राय तृणवत्
पुरः प्लुष्टं दृष्टा पुरमथन पुष्पायुधमपि ।
यदि स्त्रैणं देवी यमनिरत देहार्धघटना-
दवैति त्वा मध्दा बत वरद ! मुक्ता युवतय : ॥२३॥

हे त्रिपुर मथन ! त्रिपुराशुरलाई नाश गर्ने भएका हे भगवान शिव ! तपाईंमाथि काम वाण प्रहार गर्ने फूल वास्नाहरूको अस्त्र भएको कामदेवलाई तपाईंले तृण जस्तो गरी जलाएर भष्म पारिदिनुभयो । आफ्नो सौन्दर्यले भगवान रुद्रलाई पनि वसमा पार्नेछु भन्ने ठानेका कामदेव भगवान्को क्रोधाग्नीमा जलेर भष्म भए । भगवान् तपाईंको अर्ध नारीश्वर रूप त्यतिकै पुज्य छ । भगवती पार्वतीले भगवान शिव मेरा वसमा हुनुहुन्छ भन्ने ठान्नुभयो भने पनि नारी स्वभावैले यस्तै

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भोला भाला हुन्छन् भन्ने बुझ्नु पर्दछ । चराचर जगतका मालिक सबैलाई वर दिनेवाला भगवान् शिव ! तपाईंको महिमा अपरम्पार छ ।

श्मशानेष्वाक्रीडा स्मरहर ! पिशाचा : सहचरा
श्चिताभस्मालेपः स्रगपि नृकरोटीपरिकर : ।
अमङ्गल्यं शीलं तव भवतु नामैबमखिलं
तथापि स्मर्तृणां वरद परमं मङ्गलमसि ॥२४॥

हे ! स्मरहर (कामदेवलाई नाश गर्ने वाला) हे वरद ! सबैलाई बर दिनेवाला तपाईको संपूर्ण शिल अमङ्गलकारी छ तापनि स्मरण गर्नेहरूका निमित्तमा तपाई परम मङ्गलकारी हुनुहुन्छ । तपाई स्मशानमा खेल्नु हुन्छ । तपाईका साथि भूत पिशाच ईत्यादि छन् । शरीरमा चीताको भस्म लेपन गर्नुहुन्छ । खप्परका मालाहरू लगाउनु हुन्छ । यसरी तपाईको संपूर्ण चरित्र अमङ्गलकारी देखिन्छ । तापनि स्मरण गर्नेहरूका निमित्तमा तपाई जस्तो परम मङ्गलकारी र वर दिन सक्ने अरु केही छैन ।

मनः प्रत्यक् चित्ते सविधमवधायात्तमरूतः
प्रहृष्यद्रोमाणः प्रमदसलिलोत्सङ्गितदृशः ।
यदालोक्या ल्हादं हृद इव निमज्यामृतमये
दधत्यन्तस्तत्वं किमपि यमिनस्तत् किल भवान् ॥२५॥

यस्तो कुनै तत्व छ (जस्को वर्णन गर्न सकिदैन जुन सत्य ज्ञान अनन्त स्वरूप छ) जसलाई शमदम आदि सारा साधनले सम्पन्न भएका

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

परमहंस साधकहरूले विधिपूर्वक प्राणायाम साधना गरेर मात्र प्रत्यक्ष चित्तमा धारण गर्न सक्छन् । यस्तो धारणा गर्नेहरूका निक्लेका आसुले पूर्ण नेत्र भएका ती योगीहरू त्यो अपार आनन्दको अमृत मय जलाशायमा निमग्न भएर (अमृतले पूर्ण भएको जलाशयामा स्नान गरेर) अत्यन्त हर्षित हुन्छन् र त्यस तत्वलाई अन्तःकरणमा धारणा गर्दछन् । त्यो तत्व तपाई नै हुनुहुन्छ ।

भगवत् तत्व (ब्रहम तत्व) अवर्णनीय छ । वाणी मनले त्यसको वर्णन गर्न सकिदैन । तर त्यो तत्वको योगीहरू यमनियमादि साधनद्वारा आफ्नो अन्तःप्रदेशमा नै प्रत्यक्ष साक्षात्कार गरेर अमृतमय कुण्डमा स्नान गर्दा प्राप्त हुने अपार आनन्दलाई अनुभव गर्दछन् । त्यो तत्व हे ! भगवान शिव ! तपाई हुनुहुन्छ । मनमानै प्रत्यक्ष भएपछि हर्षले विभोर भएर योगीहरू रोमाञ्चित हुदै भित्र भित्रै मनद्वारानै भगवानलाई प्रत्यक्ष गर्दछन् ।

त्वमर्कस्त्वं सोमस्त्वमसि पवनस्त्वं हुतवह-
स्त्वमापस्त्वं व्योम त्वमु धरणिरात्मा त्वमिति च ।
परिच्छिन्नामेवं त्वयि परिणता बिभ्रतु गिरं ।
न विद्मस्तत्तत्वं वयमिह तु यत्वं न भवसि ॥२६॥

हे ! भगवान शिव तपाईनै सूर्य हुनुहुन्छ, तपाइनै शोम चन्द्रमा हुनुहुन्छ, तपाईनै पवन अर्थात् वायू हुनुहुन्छ, तपाईनै अग्नी पनि हुनुहुन्छ, तपाई नै जल पनि हुनुहन्छ, तपाईनै आकाश पनि हुनुहुन्छ तपाईनै पृथ्वी पनि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हुनुहुन्छ तपाईनै आत्मा पनि हुनुहुन्छ । परिपक्व बुद्धि भएका विद्धानहरूले तपाईका विषयमा यस्तो वचन भनेका छन् । हामीहरू तपाई सिवाय अरु त्यस्तो कुनै तत्व पनि जान्दिनौ । जव सबै तत्व स्वरूप तपाई नै हुनुहुन्छ भने केही परिगणित तत्वहरूलाई भगवानको रूपमा व्याख्या गर्नु भगवानलाई परिच्छिन्न पार्नू अर्थात् सानो रूप दिन खोज्नु मात्र हो ।

त्रयीं तिस्त्रो वृत्तीस्त्रिभुवनमथो त्रीनपि सुरा-
नकाराद्यैर्वर्णैस्त्रिभिरभिदधत् तीर्णविकृति ।
तुरीयं ते धाम ध्वनिभिरवरून्धानमणुभिः
समस्तं व्यस्तं त्वां शरणद! गुणात्योमिति पदम् ॥२७॥

हे ! सबैलाई शरण दिने भएका (दुःखीहरूलाई अभय दिने आश्रय दिने भगवान) तपाई ॐ कार रूप हुनुहुन्छ । सर्वात्मा हुनुहुन्छ । अ+उ+म=ॐ पद रूप अवयव शक्तिद्वारा पनि प्रतिपादित हुनुहुन्छ । ओम (ॐ)ले तपाईको नै उल्लेख गर्दछ । ॐ कारमा अ+उ+म यी तीन अवयव छन् । समुदाय ॐ हो । जाग्रत स्वप्न र सुसुप्ती तीन अन्तः करणका अवस्थाहरूलाई र त्रिभुवन (भूर्भूवस्व) यी तीन भूवन तथा विराट हिरण्यगर्भ तथा अव्याकृत ब्रह्मा विष्णु महेश (श्रृष्टीस्थिति र प्रलय) यी तीनलाई अवयवशले जनाऊँछ । यसरी विकारहरूलाई पार गरेर रहेको यो वाचक ओमकार पद हो । तीर्ण विकृति विकारहरू पार गरेर तपाईको स्वरूप अखण्ड चैतन्यात्मक छ । ॐ मा अकारले ऋग्वेद, जाग्रत अवस्था भूर्लोक ब्रह्मा यी चारलाई बताऊँछ । उकारले

CC-0. Mumukshu Bhawan Varanasi Collection. Digitized by eGangotri Sarayu Trust. Funding by MoE-IKS

यजुवेर्द, स्वप्नावस्था भूवर्लोक, विष्णु यी चारलाई बुझाउँछ । मकारले सामवेद सुसुप्ति, अवस्था, स्वर्लोक र शिवलाई बुझाउँछ ।

भवः शर्वोरूद्र : पशुपतिरथोग्रः सहमहां
स्तथा भीमेशानाविति यदभिधानाष्टकमिदम् ।
अमुष्मिन् प्रत्येकं प्रविचरित देव श्रुतिरपि
प्रियायास्मै धाम्ने प्रविहितनमस्यो ऽस्मि भवते ॥२८॥

हे भगवान तपाईका भव, शर्व, रुद्र पशुपति तथा उग्र र महत शब्दका साथमा देव अर्थात महादेव भीम, तथा ईशान समेत तपाईका आठ नामहरू छन् । यी प्रत्येक विषयमा वेद श्रुति रूपले अथवा वेद वोधकरूपले त्यसमा संवध्द छ । भगवानका यी आठ नामहरू वेदले प्रतिपादन गरेका हुन् । श्रुति अपि शब्दले इतिहास पुराणको स्मृति आगम आदि पनि यी आठ शब्दले व्याख्या गर्दछन् । जसरी ओंकारमा वेदको प्रवेश छ त्यसैपरी यी आठ नाममा पनि वेदको नै प्रवेश छ । अर्थात् वेदले पनि यी आठ नामको प्रतिपादन गरेका छन् । अमुष्मिन अर्थात यस आठ नाममा देवताहरूको श्रुती सुन्नु रूप श्रवरोन्द्रिय, सावधान रूपले रहन्छ । त्यसो हुनाले सबैका प्रिय भएका शाम्ब स्वरूप तपाईलाई म नमस्कार गर्दछु । आशय यो हो कि भव सबैको उत्पादनकर्ता, रुद्र सबैको संहारकर्ता, सर्व सबैको पालनकर्ता भगवान शिवमा नमन गर्दछु ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नमो नेदिष्ठाय प्रियदव दविष्ठाय च नमो

नमः क्षेदिष्ठाय स्मरहर महिष्ठाय च नमः ।

नमो वर्षिष्ठाय त्रिनयन यविष्ठाय च नमो

नमः सर्वस्मै ते तदिदमिति शर्वाय च नम : ॥२९॥

सबैको आत्म स्वरूप हुनाले तपाईनै सबैभन्दा नजिक हुनुहुन्छ । दूर लाई राम्रो मान्ने भएका हे भगवान शिव! दूर भन्दा पनि अत्यन्त दूर भएका तपाईलाई नमस्कार छ । क्षोदिष्ठ=क्षुद्र भन्दा पनि अत्यन्त क्षुद्र (अणुभन्दा पनि अणुत्तम) भएका तपाईलाई नमस्कार छ । स्मर=कामदेवलाई नाश गर्ने भएका तपाई महिष्ठ=महानभन्दा पनि महत्तम भएका तपाईलाई नमस्कार छ । वर्षिष्ट बृद्ध भन्दा पनि वृद्धतम भएका, हे त्रिनयन तीन नेत्र भएका भगवान शिव तपाईंलाई नमस्कार छ । सधै यूवकभन्दा पनि यूवतम भएका (यभिष्ट भएका) तपाईलाई नमस्कार छ । सबै नै तपाईनै हुनाले सर्वनाम भएका तपाईलाई पुनः पुनः नमस्कार छ । किनभने सबै नै तपाईमा नै आश्रित छन् । सबै तपाईमा नै एकाकार भएर रहेका छन् यस्ता तपाईलाई नमस्कार छ ।

बहुल रजसे विश्वोत्पत्तौ भवाय नमो नमः

प्रबलतमसे तत्संहारे हराय नमो नमः ।

जनसुखकृते सत्वोद्रिक्तौ मृडाय नमो नम :

प्रमहसि पदे निस्त्रैगुण्ये शिवाय नमो नमः ॥३०॥

गुणहरू ३ वटा छन् । सत्व गुण, रजो गुण र तमो गुण । भगवान शिव संसारको उत्पत्तिको अवस्थामा सत्वगुण र तमगुण भन्दा रजगुणलेयुक्त

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हुनुहुन्छ । त्यस्ता विश्वत्तपति गर्ने भवस्वरूप भएका भवनाम गरेका हे ! भगवान शिव तपाईलाई नमस्कार छ नमस्कार छ ।

विश्वको संहार गर्दा तमगुण प्रवल हुने हुदा त्यस वखत सबैको हरण अर्थात नास गर्ने हुनाले हर नाम भएका तपाईलाई नमस्कार छ । यसैगरी जनताको सुख गर्ने वाला तपाईंमा सत्व गुण अधिक हुनाले मृड नाम भएका तपाईंलाई नमस्कार छ । तपाईलाई नमस्कार छ नमस्कार छ । यसरी तीन गुणको उपाधिले सहित भएका भगवान शिवलाई नमस्कार गर्दै भनिएको छ । प्रमहसि पदे अर्थात प्रकृष्ट मायाले तिरस्कार नगर्ने भएको मोह अर्थात ज्योति जस्मा छ यस्ता पदमा स्थित भएका त्रिगुणले सहित भएका यस्ता तपाईंलाई वार वार नमस्कार छ ।

मूल -कृशपरिणति चेतः क्लेशवश्यं क्व चेदं
क्व च तव गुणसीमोल्लङघिनी शश्रदृद्धि
इति चकितममन्दीकृत्य मां भक्तिराधाद्
वरद चरणयोस्ते वाक्यपुष्पोपहारम् ॥३१॥

मेरो मन परिपक्क भैसकेको छैन । केटाकेटी नै छ । कृषपरिणत छ । मेरो बुद्धि सबैकुरा जान्न सक्ने छैन । क्लेशहरूको वसमा छ । अविद्या, अज्ञान, अस्मिता (अहंकार), राग (प्रेम गर्नु), द्वेश (शत्रुता गर्नु), आदि विकारको बसमा छ । यो मेरो छुद मन भगवान तपाईको गुणको सिमाहरूलाई पार गर्न सक्ने छैन । गुणहरूको वर्णन गर्न नसकिने तपाईको विभूति (ऐश्वर्य) कहाँ ! मेरो छुद्र मन कहाँ ! यो तुलना नै हुन

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सक्दैन ।अनन्त नित्य तपाईको उत्कृष्ट विभूतिहरूको वर्णन गर्न सम्भव नै छैन । तापनि सबैलाई वरदान दिने भएका हे भगवान ! तपाईका चरणकमलमा मेरो यो वाक्य रूपी पुष्पको उपहार भक्तिले अपर्ण गर्न चाहन्छु । पुष्पहरूले भ्रमरहरूलाई रस र अरुलाई सुवासले आनन्द दिएजस्तै स्तुतिरूप वाक्यका अमृत रसले सुन्नेलाई पनि अल्लादित गर्दछन् । स्तुति गर्न म चकित भएको अर्थात् डराएको थिए । रोकिन लागेको मेरो स्तुति गर्ने सामर्थ्य पुनः तपाईकै कृपाबाट प्राप्त भएको छ ।

असितगिरिसमं स्यात् कज्जलं सिन्धुपात्रे
सुरतरूवरशाखा लेखनी पत्रमुर्वी ।
लिखति यदि गृहीत्वा शारदा सर्वकालं
तदपि तव गुणानामीशा पारं न याति ॥३२॥

समुद्ररूपी मसीको भाडामा मसि राखेर अस्ताचल पर्वतलाई कलम बनाएर कल्प वृक्षको सबै हाँगा विंगाको कलम बनाएर संपूर्ा पृथ्वीलाई कागज बनाएर स्वयं सरास्वतिले सदाकाल लेखे पनि हे भगवान शिव ! तपाईका गुणाहरू लेखेर सकिदैनन् । तपाईको गुणाको वर्णन गर्न माता सरस्वतीको पनि सामर्थ्य छैन भने मेरो के सामर्थ्य होला?

मूल -असुरसुरमुनीन्द्रैरर्चितस्येन्दुमौले-
र्ग्रथितगुणमहिम्नो निर्गुणस्येश्वरस्य ।
सकलगणवरिष्ठः पुष्पदन्ताभिधानो
रुचिरम लघु वृत्तैः स्तोत्रमेतच्चकार ॥३३॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

असुरहरू दैन्यदानवहरू शुर देवताहरू, मुनिन्द्र भुनिश्वरहरू, ऋषिश्वरहरूले अर्चित भएका चन्द्रमौली शिरमा द्वित्तियाको चन्द्रमा धारण गरेका गणको महिमाले युक्त भएका) किन्तु स्वयं निपुर्ण भएका परंशिवको यो स्तुति गान भगवान शिवको गणहरूमा श्रेष्ठ भएका पुष्पदन्द नाम गरेका शिवजीको एउटा गणले नै अत्यन्त राम्रा श्लोकहरू बनाएर यो स्तोत्रको रचना गरेका हुन् ।

अहरहरनवद्यं धूर्जटे : स्तोत्रमेतत्
पठति परमभक्तया शुद्धचित्तः पुमान् य : ।
स भवति शिवलोके रूद्रतुल्यस्तथात्र
प्रचुरतरधनायु : पुत्रवान् कीर्तिमांश्च ॥३४॥

धूर्जटी जटाको भार धारण गर्ने भएका, जटामा नै गङ्गालाई धारणा गरेका भगवान शिवको यो पवित्र स्तोत्र प्रतिदिन शुद्ध चित्त भएको जुन पुरुषले परंभक्ति पूर्वक पढ्दछ त्यो शिवलोक कैलासमा रुद्रतुल्य भएर बस्दछ । तथा यहाँ यस लोकमा पनि प्रचुर धनले युक्त भएर आयू पुत्र धन कीर्तिले यूक्त भएर रहन्छ ।

महेशान्नापरो देवो महिम्नो नापरा : स्तुति :
अघोरान्नाऽपरो मन्त्रो नास्ति तत्वं गुरोः परम् ॥३५॥
दीक्षा दानं तपस्तीर्थं ज्ञानं यागादिका : किया : ।
महिम्नं : स्तवपाठस्य कलां नार्हन्ति षोडशीम् ॥३६॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भगवान शिवजस्तो अरु देवता छैन । महिम्न स्तुति जस्तो अर्को स्तुति छैन । अघोर मन्त्र जस्तो अर्को श्रेष्ठ मन्त्र छैन । गुरुभन्दा पर कुनै तत्व छैन ।

दिक्षा ग्रहण गर्नु दान दिनु तपस्या गर्नु तीर्थयात्रा गर्नु ज्ञानको साधन गर्नु यज्ञ यागादि क्रिया गर्नु भन्दा पनि महिम्न स्तोत्रको स्तुति पाठ १६ औं गुणा बढी हुन्छ ।

कुसुमदशननामा सर्वगन्धर्वराजः
शिशुशशिधरमौलेर्देवदेवस्य दास :
स खलु निजमहिम्नो भ्रष्ट एवास्य रोषात्
स्तवनमिदमकार्षीद् दिव्यदिव्यं महिम्न : ॥३७॥

कुशुम दशन नाम गरेका, सबै गन्धर्वहरूका राजा पुष्प दन्त, वालचन्द्र शिरमा धारण गर्ने देवताका देवता भगवान् शिवजीका दाश हुन् । तिनै गधर्वहरूका राजा आफ्नो पथबाट भ्रस्ट भएकोले क्षमा माग्दै यो दिव्य भन्दा पनि दिव्य महिम्न स्तोत्रको रचना गरेका हुन् ।

मूल -सुरवरमुनिपूज्यं स्वर्गमोक्षैकहेतुं
पठति यदि मनुष्य : प्राञ्जलिर्नान्यचेताः ।
व्रजति शिवसमीपं किन्नरै : स्तूयमानः
स्तवनमिदममोघं पुष्पदन्तप्रणीतम् ॥३८॥

देवताहरू र मुनिहरूद्वारा पुज्य भएको, स्वर्ग र मोक्षको हेतु भएको यो महिम्न स्तोत्र जुम्लाहात गर्दै, एकाग्र चित्त गरेर जसले पढ्छ त्यो पुण्यात्मा किन्नरहरूद्वारा स्तुति गान गरिदै शिवका समिपमा पुग्दछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पुष्पदन्तद्वारा प्रणित यो शिवको महिमा स्तुति अमोघ छ । मङ्गलकारी छ । सबैको कल्याण गर्ने वाला छ ।

आसमाप्तमिदं स्तोत्रं पुण्यं गन्धर्वभाषितम्

अनौपम्यं मनोहारि शिवमीश्वरवर्णनम् ॥३९॥

प्रारम्भ देखि समाप्तीसंम यो स्तोत्र पुण्य छ । गन्धर्वले गायन गरेको यो स्तुतिको अर्को उपमा कसैंसित दिन सकिदैंन । यो स्तुति अनुपम छ, मनोहर छ । कल्याणकारी छ, यसमा भगवान शिवको महिमा वर्णन गरिएको छ ।

इत्येषा वाङ्मयी पूजा श्रीमच्छङ्करपादयो :

अर्पिता तेन देवेश :प्रीयतां मे सदाशिव : ॥४०॥

भगवानको वाणी रूपी पुष्प भगवान शङ्करका चरणकमलमा अर्पित गरिएको छ । भगवान सदाशिव तपाईं म प्रति प्रशन्न भै दिनुहोस् ।

तव तत्वं न जानामि कीदृशोऽसि महेश्वर

यादृशोऽसि महादेव तादृशाय नमो नमः ॥४१॥

हे महेश्वर तपाई कस्तो हुनुहुन्छ ? तपाईको रूप कस्तो छ? तपाईको तत्त्व के हो? म केही जान्दिन । हे भगवान शिव ! तपाईको रूप जस्तो छ म त्यहि रूपालाई नमस्कार गर्दछु ।

एक कालं द्विकालं वा त्रिकालं यः पठेन्नरः

सर्व पाप बिनिर्मुक्तः शिवलोक महीयते ॥४२॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

एक पटक प्रातःकालमा दुई पटक गर्दा प्रातःकाल; र सायंकालमा तीन पटक गर्दा प्रातः मध्यान्न र सायं कालमा जो मनुष्यले स्तुति पाठ गर्दछ त्यो मनुष्य संपूर्ण पापबाट मुक्त भएर शिवलोकमा प्राप्त हुन्छ।

मूल -श्री पृष्पदन्तमुखपङ्जनिर्गतेन

स्तोत्रेण किल्बिषहरेण हरप्रियेण।

कण्ठस्थितेन पठितेन समाहितेन

सुप्रीणितो भवती भूतपतिर्महेश : ॥४३॥

श्री पुष्प दन्तका मुखारविन्दबाट निस्केको, पापलाई हरण गर्ने भएको शिवको प्रिय यो स्तोत्र कण्ठस्थ गरी पाठ गर्नाले भूत पति भगवान शिव प्रशन्न हुनु हुन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रकाशक

नाम : डा. प्रेमराज न्यौपाने
हाल: कामनपा-१४
स्थायी: दुराडाँडा, लमजुङ
सम्पर्क: ०१५१९५४३४, ९८४१३९८०६९

शिक्षा

स्नातक, स्नातकोत्तर तह व्यवस्थापन, त्रि.वि, नेपाल
स्नातक, स्नातकोत्तर तह इन्जिनियरिङ, संयुक्त अधिराज्य, वेलायत
विद्यावारिधि- "मनोवृत्ति र सिद्धि" संस्कृत विश्वविद्यालय, नेपाल

स्थापित पुरस्कारहरु

डिल्ली वसुन्धरा प्रज्ञा पुरस्कार - विद्यार्थीलाई दिईने
वसुन्धरा सेवा सम्मान - सेवा कार्यमा दिईने
डिल्ली प्रविधि सम्मान/पुरस्कार - प्रविधिलाई दिईने

प्राप्त सम्मान/पुरस्कारहरु

नेपाल विद्याभूषण 'क'
सुप्रवल गोर्खा दक्षिणबाहु तेस्रो
दीर्घ सेवा पदक
रजत पदक

कार्यअनुभव

लामो सरकारी सेवा

सामाजिक गतिविधि

अध्यक्ष - डिल्ली प्रविधि विकास प्रतिष्ठान
अध्यक्ष - वसुन्धरा सेवाआश्रम
अध्यक्ष - न्यौपाने समाज, काठमाडौँ
अध्यक्ष - सिद्धेश्वर महादेव मन्दिर
अध्यक्ष - पाञ्चायन मन्दिर
उपाध्याक्ष - न्यौपाने वन्धु समाज, नेपाल
सदस्य - गण्डकी सामाजिक गुठी, नेपाल इन्जिनियरिङ काउन्सिल, नेपाल इन्जिनियर्स एसोसिएसन

तव तत्वं न जानामि कीदृशोऽसि महेश्वर
यादृशोऽसि महादेव तादृशाय नमो नमः

प्रकाशित कृति

मनोवृत्तिको दार्शनिक र वैज्ञानिक विश्लेषण - अनुषन्धान ग्रन्थ
'विहानी' कविता सङ्ग्रह - फुटकर कविता
प्राकृत लीला महाकाव्य - काव्य
वास्तु विधान - अनुषन्धान ग्रन्थ
महिम्न : स्तोत्र - धार्मिक पुस्तक

अन्य

पत्रपत्रिकामा लेख रचनाहरु प्रकाशित

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection